YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 10

CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २४, अंक ३०, २०७५ साल असोज १० गते बुधवार
YEAR 24, ISSUE 30, SEPTEMBER 26, 2018

'बेल्ट एण्ड रोड'का कारण तिनीहरू फेरिए

सन् २०१३ सालमा चीनले 'बेल्ट एण्ड रोड' पहल प्रस्तुत गरेयता ५ वर्ष बितिसकेका छन्। 'बेल्ट एण्ड रोड'ले सहभागी देशका जनतालाई कतिको असर गरेको छ? यसबारे संवाददाताले अन्तर्वार्ता गरेको छ।

समुद्रको बत्तीघर जस्तै 'बेल्ट एण्ड रोड'

पाँच वर्षदेखि 'बेल्ट एण्ड रोड'ले चीनको अवसरलाई विश्वको अवसरमा बदलेको छ। सन् २०१० को जुलाईमा २८ वर्षीय मिश्र केटा अहमद सईद चीनको निङ श्या हुई जातीय स्वशासित क्षेत्रमा आए। उनले आफूलाई 'बाइ सिन' नाम राखे। अर्को साल बाइ सिनले साथीहरूसँग बुद्धि महल भनेको एउटा कम्पनी स्थापना गरेर चीन-अरब साँस्कृतिक, व्यापारिक र अन्य व्यवसाय गर्न थाले। तर, कम्पनीको संचालन राम्रोसँग भएन, कहिलेकहीँ भाडा पनि तिर्न सकेन।

सन् २०१३ सालमा बाइ सिन र उनका साथीहरूले एउटा खबर सुने कि चीनले 'बेल्ट एण्ड रोड' पहल प्रस्तुत गऱ्यो। 'बेल्ट एण्ड रोड' समुद्रको बत्तीघर जस्तै छ।' संवाददाताको अन्तर्वार्ता गर्दा बाइ सिनले चिनियाँ भाषा राम्रो बोलेर यस्तो उपमा दिए। बाइ सिनको फैसला सही छ भन्ने तथ्यले साबित भयो। केही प्रकाशन कम्पनीले उनीसँग सहयोग गर्न खोजी गर्न थाले। अहिले उनको कम्पनीका कर्मचारी शुरुको ३ जनादेखि १०० जनासम्म पुगेका छन्। बाइ सिनका लागि 'बेल्ट एण्ड रोड'को मतलब व्यवसायको अवसर नै हो।

'विगतमा यो अकल्पनीय छ'

पाँच वर्षदेखि 'बेल्ट एण्ड रोड'ले धेरै देशका जनताका जीवनलाई परिवर्तन गरेको छ। स्मेडर रेवो स्टील सर्बियामा एक मात्र राज्य स्वामित्वको ठूलो इस्पात उद्योग हो। स्टीव बोजन यस कम्पनीको ब्लास्ट भट्टीका ड्युटी प्रबन्धक हुन्। विगतका केही समयमा उनले आफ्नो जीवन एकदम खैरो थियो भन्ने महसुस गरे। किनभने उनको कम्पनी वर्षौंदेखि घाटा भइरहेको थियो। अनि कुनै एक दिन खतम हुने चिन्ता थियो। तर २०१६ अप्रिलमा चिनियाँ ह गाङ समूहले स्मेडर रेवो स्टील किनेर कम्पनीका ५००० कर्मचारी ग्रहण गऱ्यो। आधा वर्षपछि कम्पनीले फेरि नाफा कमाउन थाल्यो। यो वर्षको जनवरीमा कम्पनीको बिक्री आय १०० मिलियन युआन नाघिसक्यो। स्टीवको जीवन पनि पूर्ण रूपमा परिवर्तित भयो। अहिले

'बेल्ट एण्ड रोड'

उनी पारिवारिक चिकित्सा र पर्यटनको योजना गर्न थाले। 'विगतमा यो अकल्पनीय छ,' उनले भने।

'बेल्ट एण्ड रोड'को विकास पद पछ्याउँदै चिनियाँ राष्ट्रिय विद्युत लगानी समूहअन्तर्गत शाङघाई बिजुली शक्ति कम्पनीले माल्टामा ४ वर्षसम्म लगानी गर्दै आएको छ। ऊर्जा संरचना अनुकूलित भएर स्थानीय बासिन्दाको बिजुली मूल्य २५% घटेको छ। प्रिन्ट पसल मालिक एन्टोनी बिजुली मूल्य घटेको लाभक हो। एन्टोनीले पत्रकारलाई बताए, 'प्रिन्ट पसलको कुल लागतमा बिजुली लागत ५% ओगटेको छ। त्यसैकारण बिजुली मूल्य २५% घटेर हामी धेरै लाभ उठाउन सक्छौं।' माल्टाको गर्मी ऋतु धेरै लामो छ। पहिले बच्चाहरू एयर कन्डिशनिङग खोल्न खोज्दा उनकी श्रीमती केही गुनासो गर्दथिन्। तर अहिले घरमा बिजुली उपयोग गर्ने बोझ धेरै सानो भएको छ।

साझा विकास : चिनियाँ उद्यमको अवधारणा

'बेल्ट एण्ड रोड' अगाडि बढेको पाँच वर्ष चीनसँग विश्वको गहिरो समझदारीको पाँच वर्ष हो। २० वर्षीय अल्जेरिया सिनरुईको फ्रेंच नाम 'चिनोइस' हो, जसको मतलब 'च्याइनिज' हो। वास्तवमा उनको नाम उनको बाजेले राखेको हो। शुरुमा सिनरुईलाई चीनसँग केही जानकारी थिएन। पछि उनले एउटा चिनियाँ कम्पनीमा प्रवेश गरे, जसको नाम 'चीन निर्माण र सजावट समूहअन्तर्गत शेन्जेन ओभरसीज सजावट सम्पनी' हो। त्यहाँ उनले चिनियाँ प्राविधिक प्रतिभासँग भौतिक ज्ञान र चिनियाँ भाषा सिक्न थाले। सिनरुई सानो मजदूरदेखि सरदार बने। उनले पत्रकारलाई भने, 'बेल्ट एण्ड रोड' पहल प्रस्तुत गरेपछि धेरै चिनियाँहरू अल्जेरिया आउँछन्। म तिनीहरूसँग अझ बढी उन्नत प्रविधिहरू सिक्न सक्छु।'

क्यामरून केटी एवलिन स्नातक भएपछि एउटा स्थानीय तेल कम्पनीमा काम गर्न प्रवेश गरिन्। पछि गएर यस कम्पनीलाई च्याइना पेट्रोकेमिकल (Sinopec) ले अधिग्रहण गर्यो। एवलिन यहीँ बसिरहन रोजिन्। 'साइनोपेकमा ७ वर्षको अनुभवले मलाई के सिकाएको छ भने चिनियाँ कम्पनीको अवधारणा साझा विकास हो।' एवलिनले भनिन्। साइनोपेकले क्यामरूनमा प्रवेश गरेपछि त्यहाँ २० भन्दा बढी स्थानीय अस्पताल, विद्यालय र अनाथ आश्रमको निर्माणमा सहायता दिएको छ। लगभग एक हजार रोजगार अवसर सिर्जना गरेको छ। *(जन दैनिक अखबारको ओभरसीज संस्करण, पत्रकार पान शुताउ)*

• चीन-म्यान्मार सरकारबीच आर्थिक कोरिडोर सहनिर्माणको सम्झदारी पत्रमा हस्ताक्षर

सेप्टेम्बर ९ तारिख, चीनको राष्ट्रिय विकास र सुधार आयोगका प्रमुख ह लिफङ र म्यान्मारको योजना र वित्त मन्त्री वू शुभेनले दुई देशका सरकारतर्फबाट 'चीन जन गणराज्य सरकार र म्यान्मार सङ्घीय गणराज्य सरकारबीच चीन-म्यान्मार आर्थिक कोरिडोर सहनिर्माणबारे समझदारी पत्र'मा हस्ताक्षर गरेका छन्।

सन् २०१७ नोभेम्बर १९ मा चिनियाँ विदेशी मन्त्री वाङ यीले म्यान्मारका वरिष्ठ नेता आंग सान सू क्यीसँग म्यान्मारको राजधानी नैपिडामा पत्रकारहरूलाई भेट गर्दा व्यक्त गरे, चीन-म्यान्मारको व्यापक रणनीतिक साझेदारीलाई बलियो बनाउन र व्यावहारिक सहयोगलाई अझ गहिरो बनाउन म्यान्मारको राष्ट्रिय विकास योजना र वास्तविक आवश्यकताअनुसार उत्तरमा युन्नानबाट शुरु भई चीन-म्यान्मार सिमाना भएर दक्षिणमा मन्डलालयसम्म पुगेर फेरि पूर्व र पश्चिमतिर फैलिएर याङ्गन न्यु सिटी र Kyaukpyu स्पेशल इकोनोमिक जोन जाने 'तीन स्तम्भ' जस्तै ठूलो सहयोग ढाँचाको चीन-म्यानमार आर्थिक कोरिडोर निर्माण गर्न चीन म्यान्मारसँग छलफल गर्न इच्छुक छ।

यस आर्थिक कोरिडोरले दुई देशबीच सम्बन्धित ठूला परियोजनाहरू एक-अर्कासँग जोडिदिन र आपसमा समर्थन र एकीकृत प्रभाव जुटाउन अनि म्यान्मारको विभिन्न ठाउँको सन्तुलित विकास गराउन मद्दत पुऱ्याउनेछ।

(चिनियाँ राष्ट्रिय विकास र सुधार आयोगको वेबसाइट र परराष्ट्र मन्त्रालयको वेबसाइटबाट)

कृषि

युआन लुङपिङ सुपर चामलको ग जिउ प्रदर्शन आधार क्षेत्रमा उत्पादनको ताजा रेकर्ड

सेप्टेम्बर २ तारिख, चीनको हुनान हाइब्रिड चामल अनुसन्धान केन्द्र एवं राष्ट्रिय हाइब्रिड चामल इन्जिनियरिङ टेक्नोलोजी अनुसन्धान केन्द्रद्वारा आयोजित सुपर हाइब्रिड चामल प्रदर्शनी युन्नान हुङह हानि र यी जातीय स्वशासित अंचलमा सम्पन्न भएको छ। चामलको उत्पादन तत्कालै परीक्षण गरेपछि युआन लुङपिङ सुपर हाइब्रिड चामलको ग जिउ प्रदर्शन आधार क्षेत्रले उत्पादनको रेकर्ड ताजा गरेको छ।

शे ह्वाआन, लो सिवेन, चु यौयुङ, चाङ हुङचेङ आदि ४ जना अकदमीशियन र वेइजिङ, युन्नान, सिचुआन, हुनान, जियाङसु, हाइनान र ग्वाङसी अनुसन्धान संस्थानका कृषि विशेषज्ञहरूको उपस्थितिमा कृषि र ग्रामीन मन्त्रालयको सुपर चामल परीक्षण मापदण्डका अनुसार अनियमित चयन उपायले ३ वटा प्रयोगात्मक बारीको चामलको परीक्षण गरियो। फलस्वरूप यसको प्रति मु औसत उपज ११५२.३ किलोग्राम पुगेको छ र यस क्षेत्रको रेकर्ड पनि तोडेको छ। जानकारीअनुसार, अकदमीशियन युआन लुङपिङले प्रस्तावित गरेको २०२० सालमा प्रति हेक्टर १८ हजार किलोग्रामको उच्चतम लक्ष्यको प्राप्तिका लागि युन्नान पठार उप केन्द्रले मङजी नगर र हकौ स्वशासित जिल्लाका केही प्रयोगात्मक बारीमा पनि यस सुपर चामलको रोपाइ गरेको छ। *(ली शुफेन)*

आदानप्रदान

चौथो क्रस हिमालय विकास फोरम दहङमा आयोजित

सेप्टेम्बर ११ तारिख, दुई दिने चौथो क्रस हिमालय विकास फोरम युन्नान दहङ स्वशासित अंचलको माङ शहरमा आयोजित भएको छ। यो फोरम चीन आधुनिक अन्तर्राष्ट्रिय सम्बन्ध अनुसन्धान संस्थान, दहङ अंचलको सरकार र चीन-अरब आर्थिक समुदायद्वारा संयुक्त रूपमा प्रायोजित गरिएको हो। यसको विषयवस्तु हो- क्रस हिमालय सहयोग : अवधारणाबाट वास्तविकतासम्म। चीन, अफगानिस्तान, बंगलादेश, बर्मा, नेपाल, पाकिस्तान र श्रीलङ्का आदि सात देशबाट आएका अधिकारीहरू, विद्वानहरू, उद्यमी प्रतिनिधिहरू क्षेत्रीय साझा विकासका लागि अडान समन्वय गर्ने, नीति खोज्ने र दिगो विकास एवं साझा समृद्धिको क्रम हिमालय भाग्य समुदाय बनाउने बारेमा विस्तृत छलफल गरेका छन्।

परिचयअनुसार क्रस हिमालय क्षेत्रअन्तर्गत १० वटा देश छन्, जसको कुल क्षेत्रफल १५०० भन्दा बढी वर्ग किलोमिटर छ, जनसंख्या ३ अरब भन्दा बढी छ। यो क्षेत्र एसिया महाभूमि र विश्वसमेतका सबैभन्दा बढी प्रत्याशित क्षेत्रहरूमध्ये एक हो। २०१५ सालमा प्रथम क्रस हिमालय फोरम सफलतापूर्वक आयोजित गरेपछि यो फोरम चीन र दक्षिण एसिया एवं दक्षिण-पूर्व एसियाका देशहरूबीच मैत्रीपूर्ण आदानप्रदान र सहयोगका लागि एक महत्वपूर्ण प्लेटफार्म र पुल बनेको छ। *(गुआन युशु)*

२०१८ बंगलादेशी युवा चीन भ्रमण शिविर कुनमिङमा आयोजित

सेप्टेम्बर ४ तारिख, '२०१८ बंगलादेशी युवा चीन भ्रमण शिविर' उद्घाटन समारोह कुनमिङमा आयोजित भएको छ। यस पटकको भ्रमण शिविरमा जम्मै १५८ जना छन्। तिनमध्ये बंगलादेश राजदूतावास टोली, बंगलादेश उत्तर र दक्षिण विश्वविद्यालय टोली, ढाका विश्वविद्यालय टोली र सैंटोस मरि यम कन्फ्युसियस कक्षा टोली छन्।

जानकारीअनुसार यस पालिको आदानप्रदान कार्यक्रम बंगलादेशस्थित चिनियाँ राजदूतावास, कन्फ्युशियस इन्स्टिच्युट मुखालय र चिनियाँ भाषा कार्यालयद्वारा आयोजित, युन्नान विश्वविद्यालयद्वारा प्रायोजित गरिएको हो। गत सालको यस कार्यक्रममा पहिलो पटकका १४४ युवाहरू भाग लिएका थिए।

'मलाई युन्नान एकदम मन पर्छ। यहाँको मौसम गर्म पनि छैन, चिसो पनि छैन। दृश्य पनि निकै सुन्दर छ।' बंगलादेश CRI-SMF रेडियो कन्फ्युसियस कक्षाका नयाँ छात्रा मरिया सुल्ताना लिमुले भनिन्। उनी पहिलो पटक चीन आएको हो इन। उनका बुवा चिनियाँ हुन्, आमा बंगलादेशी हुन्। उनले एक वर्षदेखि चिनियाँ भाषा सिकेकी छन्। उनको उच्चारण पनि धेरै मानक छ। यस पटकको शिविर कार्यक्रममा लिमुले चीन र युन्नानका इतिहास र संस्कृतिबारे अझ बढी जानकारी लिन आशा गरेकी छन्। 'हाम्रो देशका धेरै मानिसहरू चिनियाँ सिक्दैछन्। म चिनियाँ सिकेर स्वदेश फर्केर स्कुल पढाउन चाहन्छु। तर अहिले मेरो सबैभन्दा ठूलो इच्छा के हो भने चिनियाँ विश्वविद्यालयमा अध्ययन गर्न चाहन्छु।' युन्नान र बंगलादेशबीच भौगोलिक निकटता छ। दुई पक्षको मिलनसार आदानप्रदानको धेरै लामो इतिहास छ। २००५ मा कुनमिङ र बंगलादेशको दोस्रो ठूलो शहर चिट्गांव मैत्री शहर बनाए। दुई देशबीचका मानविकी तथा आर्थिक आदानप्रदान दिनदिनै बढ्दै गएको छ।

दुई हप्ताको कार्यक्रममा युवाहरूले हुङह जियानश्वे गएर चिनियाँ संस्कृतिको अनुभव गरेर चीनको सिर्जनशीलता, समन्वय, हरियो विकास, खुलापन र साझेदारीता आदि नव

आवाज

'बेल्ट एण्ड रोड' को चित्र राम्रोसँग कोरौं !

सन् २०१३ को शरदमा चीनले 'बेल्ट एण्ड रोड' पहल प्रस्तुत गरेपछि बढीभन्दा बढी देशहरूले उत्साही प्रतिक्रिया जनाएका छन्। पाँच वर्षपछिको अगस्ट २७ तारिखमा 'बेल्ट एण्ड रोड' निर्माण कार्य अगाडि बढाउने पाँचौं वर्षगाँठ फोरम बेइजिङमा आयोजित भएको छ। यस फोरममा चिनियाँ राष्ट्रपति सी चिनफिङले महत्वपूर्ण भाषण दिई 'बेल्ट एण्ड रोड' निर्माण कार्य अगाडि बढाउन मौलिक निर्देशन गरेका छन्। ठूलो उपलब्धि प्राप्त गर्न सजिलै छैन। पाँच वर्षको आधार बसाल्ने, प्लेटफार्म बनाउने र स्तम्भ उभ्याउने कामबाट 'बेल्ट एण्ड रोड' निर्माणकार्य अवतरण भई स्थायी र दिगो विकासको चरणमा प्रवेश गर्दैछ। र चीन र विश्वबीच खुलापन र सहयोगको महत्वपूर्ण नवाचार पनि बनेको छ।

पाँच वर्षदेखि 'बेल्ट एण्ड रोड' ग्लोबल शासन प्रणालीको सुधार सिद्ध गर्ने अग्रगामी कदम हो। शून्य-योग खेलको विपरीत, 'बेल्ट एण्ड रोड' संवाद र परामर्श, साझेदारी, जीत-जीत सहयोग, पारस्परिक आदानप्रदान र आपसी सिक्ने अवधारणा पालन गर्दछ। सम्बन्धित देशहरूसँग सहयोगको अधिकतम आम डिभाइस खोज्दछ। विभिन्न देशका राजनैतिक आपसी विश्वास, आर्थिक एकीकरण र मानविकी अन्तर्क्रिया अगाडि बढाउँदै आएको छ। 'बेल्ट एण्ड रोड' चीनले सर्वप्रथम पहल गरेको हो। यसले पारस्परिक परामर्श र साझेदारीमा जोड दिएको छ। अन्तर्राष्ट्रिय सम्बन्धको विकासको सामान्य प्रक्रिया पुनर्लेख गरेको छ। र राष्ट्रिय अन्तर्क्रियाको नयाँ तर्क र सहयोगको ब्लूप्रिन्ट लेखेको छ।

पाँच वर्षदेखि 'बेल्ट एण्ड रोड' सम्बन्धित देशहरूको विकास लाभान्वित गर्ने ठूलो परियोजना हो। यसले विकासशील देशहरूको औद्योगीकरण, सहरीकरण, आर्थिक स्वतन्त्रता र राष्ट्रिय पुनरुत्थानको आवश्यकताको जवाब दिएको छ। सबै देश खास गरी विकासशील देशका शान्ति र विकास प्रवर्द्धन गर्ने इच्छा पूरा गरेको छ। र विस्तृत समर्थन प्राप्त गरेको छ। पाँच वर्षदेखि 'बेल्ट एण्ड रोड' चिनियाँ बुद्धिलाई हाइलाइट गर्ने अभिनव विचार हो। 'बेल्ट एण्ड रोड' चीनले विश्वभर खुलापन र सहयोगमा भाग लिने, ग्लोबल शासन प्रणालीको सुधार गर्ने, विश्वव्यापी विकास र समृद्धिलाई बढावा दिने र मानव भाग्यको समुदाय निर्माण गर्ने चिनियाँ योजना हो। *(जन दैनिक अखबारको ओभरसिज संस्करणबाट)*

खेल

सबैभन्दा अग्लो पहाड चढौं, सबैभन्दा सुन्दर सडकमा दौडौं

१०० दिन, १०० म्याराथन दौड, कुल लम्बाई ४२१९.५ किलोमिटर .... हालमा नामी अन्वेषक जिन फेबाओले सुरु गरेको 'रंगीन युन्नान, रहस्यमय म्याराथन' सुन्दर ग्रामीण म्याराथन कार्यक्रममा विराम चिह्न लगाइएको छ। 'रंगीन युन्नान, रहस्यमय म्याराथन' युन्नानमा चयन गरिएको १०० सुन्दर ग्रामीण गुणस्तर पर्यटक मार्गहरूमा संचालित १०० म्याराथन कार्यक्रम हो। यस कार्यक्रम यो सालको मई १९ मा शुरु भएको हो। जिन फेबाओ पूर्ण यात्रामा अगाडि दौडे। दौडको लाइनमा युन्नान प्रान्तभरका १६ अंचल र नगर समाविष्ट भए र प्रत्यक्ष सहभागीहरू दस हजार थिए। १९६३ मा युन्नान कुनमिङमा जन्मेका जिन फेबाओले किशोरी उमेरमा संसारमा यात्रा गर्ने एक अन्वेषक बन्ने संकल्प गरे। उनले धेरै विश्व रेकर्डको सिर्जना गरे। विश्वमा सात महाद्वीपका सबैभन्दा अग्ला शिखरहरूमा उनले सफल आरोहण गरे। पदयात्रा हिँडेर पृथ्वीका उत्तर र दक्षिण ध्रुवमा पनि पुगे।

'मैले अनगिन्ती म्याराथन दौडमा भाग लिएको छु। तर जति टाढा म दौडिसकें, म सधैं सम्झन्छु कि युन्नानको भौगोलिक दृश्य र वातावरण म्याराथनको लागि उत्तम हो।' जिनले भने, 'म आशा गर्दछु, 'रंगीन युन्नान, रहस्यमय म्याराथन' कार्यक्रम मार्फत युन्नानका सुन्दर दृश्यहरू र राष्ट्रिय विशेषताहरू प्रदर्शित गर्न सकिन्छ। संसारका सबै जनाले युन्नान दौड र व्यायामको सबैभन्दा राम्रो स्थल हो भन्ने थाहा पाओस !' *(फङ युङशङ चाङ टुङ)*

(चिनियाँबाट नेपालीमा अनुवाद : ह ठाव रूङ)

पर्यटन

'युन्नान भ्रमण' एपीपी अपग्रेड गरी अक्टोबरमा आधिकारिक रूपमा सुरु हुने

केही दिनअगाडि 'युन्नान भ्रमण' एपीपी V1.7.0 जारी भएको छ। यसको गृहपृष्ठ, प्रत्यक्ष प्रसारण, नक्सा, गाइडलाइन आदि मुख्य प्रकार्यहरू इमर्सिभ यात्रा अनुभव सिर्जनाका लागि पूर्ण रूपमा पुनःडिजाइन र अनुकूलित गरिएको छ। 'युन्नान भ्रमण' एपीपीको नयाँ संस्करणको होमपेजलाई स्पेस, समय र परिचालन तीन आयामबाट प्रान्तान्तर, शहर र दर्शनीय स्थान तीन क्षेत्रमा विभाजित भएको छ। नयाँ संस्करणको एपीपीको गन्तव्य प्रकार्य सुधिएर अलक्षित प्रयोगकर्तालाई 'घाँस रोपण' गर्न र लक्षित प्रयोगकर्तालाई गन्तव्यलाई छिटो र सही रूपमा लक्षित गर्न मदत गर्नसक्छ।

नक्सा नेभिगेसनमा पहिलेको प्रकार्यको आधारमा दृश्य क्षेत्रमा पार्किङ, शौचालय, टिकट कार्यालय आदि खोज गर्ने प्रकार्य थपिएको छ र एक क्लिकले नेभिगेसन सुरु गर्नसक्छ।

युन्नानका सबै मुख्य दर्शनीय स्थानहरूमा क्युआर कोड (Two-dimensional Code) छ। 'युन्नान भ्रमण' एपीपी अथवा 'वीच्याट'द्वारा 'युन्नान भ्रमण, दृश्य स्क्यानिङ' भन्ने एप्लेट खोलेर दृश्यका तस्वीरहरू, आवाज व्याख्या आदि प्रकार्यहरू पर्यटकहरूलाई पूर्ण र गहिरो अवलोकन गर्न मदत पुऱ्याउँछन्।

अगस्ट २९ तारीख युन्नान प्रान्तीय प्रमुख रुआन चेङफाले एक महिना प्रयत्न गरेर 'एक मोबाइलद्वारा युन्नानको भ्रमण' प्लेटफार्मलाई अक्टुबर १ तारिखमा उच्च गुणस्तरमा अनलाइनका लागि सुनिश्चित गर्न जोड दिए। प्रमुख रुआनले भने, 'युन्नान भ्रमण' एपीपी निरन्तर अपग्रेड गरिएपछि सबै प्रकार्यहरू सुधिएर उच्च स्तरमा गएका छन्। युन्नान भ्रमण हाम्रो अमूल्य सम्पति हो। युन्नान प्रान्तले उत्तम स्रोतहरू र वर्षौंदेखि विकसित गरेको ठोस आधार राम्ररी संरक्षण गर्नुपर्छ। 'युन्नान भ्रमण' एपीपीलाई युन्नानका राम्रा पहाड-नदी र सुन्दर दृश्यहरू तथा रङ्गीचङ्गी जातीय संस्कृति र नवीन जीवनको प्रदर्शन गर्ने प्लेटफार्म बनाउनुपर्छ। 'युन्नानमा केवल एउटै दर्शनीय स्थल छ, जसको नाम युन्नान हो' भन्ने क्षेत्रव्यापी पर्यटन अवधारणा अगाडिमा राख्नुपर्छ। 'मोबाइल लिएर युन्नानको भ्रमण गरौं' 'भन्नेबित्तिकै भ्रमण जाऔं, चिन्ता नगरौं!' यथार्थमा परिणत गर्नुपर्छ। युन्नान भ्रमण विश्वमा लैजान र युन्नान दुनियाँको उत्सुक गन्तव्य बनाउनुपर्छ।

(यस पत्रिकाबाट सम्पादित)

संस्कृति

६०० वर्षको विरासत निरन्तर संरक्षणमा

तीन साना हथौडा प्रदर्शन अलमारीमा चूपचाप रहेका छन्। १३ पुस्ताका ६०० वर्षसम्म संरक्षित भएका यी हथौडाका विंडमा अहिले खिइएर स्पष्ट चिह्न देखिन्छन्। यी हथौडा ५५ वर्षीय लोसाङ जाक्सी परिवारका परम्परागत धातु उपकरण हुन्।

लोसाङ जाक्सी परिवार चीनको तिब्बती क्षेत्रमा एक मात्र पुस्तौंदेखि संरक्षित शिल्प परिवार हो। उनी तिब्बती परम्परागत धातुकलाका १४ औं उत्तराधिकारी हुन्, युन्नान प्रान्तीय अमूर्त साँस्कृतिक विरासतका उत्तराधिकारी हुन् र प्रान्तीय तहका नामी कलाकार हुन्। अद्वितीय कौशल र जादु कला दखल गरेका लोसाङ जाक्सीले पुस्तौंदेखि संरक्षित तिब्बती धातुकला विदेशमा पुऱ्याएर विकसित गरेका छन्।

आफ्नो परिवारका जेठो छोरो भएकाले लोसाङ जाक्सी सानै उमेरमा बुवासँग शिल्प सिक्न थाले। १२ वर्षको उमेरमा उनले पहिलो तिब्बती चाकू बनाएलगत्तै उनका बुवाले उनलाई लिएर शिल्प सिक्न चारैतिर भौंतारिन गए। उनीहरू टाढामा नेपालको काठमाडौंसम्म गए। '१९९८ मा मैले देछिन जिल्लामा राष्ट्रिय मालमता आपूर्ति कम्पनी बनाएँ। सुधार र खुला नीतिप्रति धन्यवाद छ, हालसाल मेरो कारोबार एकदमै राम्रो छ। आम्दानी पनि धेरै छ। गत महिना मेरो पर्यटन पसलको परिचालन आय ३ लाख युआन पुग्यो। कम्पनीको कुल वार्षिक बिक्री आय २ करोड युआन पुग्न सक्छ।' लोसाङ जाक्सीले भने। आफ्नो परिवारको विरासत छोड्नु हुँदैन। उनका जेठा छोरा स्नातक भएपछि स्थानीय टेलिभिजन स्टेशनमा काम गर्न थाले। तर बुवाको अनुरोधमा उनी आफ्नो परिवारमा फर्केर तिब्बती परम्परागत धातु शिल्प सिकेर पारिवारिक विरासतको उत्तराधिकारी हुन तयार छन्।

(स्यौं यान, चु तुङह्वा, चाङ रोगु, ली वेनजुन)